त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय, कीर्तिपुर

## B.Sc. 2079 पुनः प्रवेश परीक्षाका लागि आवेदन फाराम भर्ने सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका आङ्गिक क्याम्पस तथा सम्बन्धन प्राप्त कलेजहरूमा वार्षिक परीक्षा प्रणाली अनुसार पठनपाठन हुने विज्ञानतर्फ चार वर्षे स्नातक तह (B.Sc.) २०७९/०८०मा भर्नाका लागि केही क्याम्पसहरूमा कोटा रिक्त रहेकाले सो कार्यक्रममा भर्ना हुन इच्छुक विद्यार्थीहरूका निमित्त निम्नानुसारको पुनः प्रवेश परीक्षा कार्यक्रम प्रकाशित गरिएको छ । आवेदन अनलाइन माध्यमबाट मात्र निम्नानुसारले गर्नुपर्नेछ ।

**पुनः प्रवेश परीक्षासम्बन्धी कार्यक्रम**

**१ प्रवेशका लागि न्यूनतम योग्यता :**

**(क)** प्रविणता प्रमाणपत्र तह (I.Sc.) वा माध्यामिक शिक्षा १०+२ (विज्ञान) वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ । Biological Group मा अध्ययन गर्न चाहनेका लागि अङ्ग्रेजी, भौतिकशास्त्र, रसायनशास्त्र र बायोलोजी विषयमा २००/२०० पूर्णाङ्क लिई कम्तिमा दोस्रो श्रेणी वा प्रत्येक विषयको Final Grade C ल्याई उर्तीण भएको हुनुपर्ने छ । Physical Group मा अध्ययन गर्न चाहनेका लागि अङ्ग्रेजी, भौतिकशास्त्र, रसायनशास्त्र र गणित विषयमा २००/२०० पूर्णाङ्क लिई कम्तीमा दोस्रो श्रेणी वा प्रत्येक विषयको Final Grade C ल्याई उर्तीण भएको हुनुपर्नेछ । A Level अध्ययन गर्नेको हकमा कम्तीमा E ग्रेड ल्याई उर्तीण हुनुपर्नेछ ।

**(ख)** विदेशी शैक्षिक संस्था वा विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरबाट समकक्षता प्राप्त गरेको कागजात पेस गर्नुपर्ने छ ।

२. **फाराम भर्ने समयः**

विज्ञान तथा प्रविधि अध्ययन संस्थानको Website: https://www.tuiost.edu.np मा राखिएको प्रवेश परीक्षाको Online आवेदन फाराम **२०७९।१२।१० गते विहान १०:०० बजे देखि मिति २०७९।१२।१९ गतेसम्म** मात्र उपलब्ध हुनेछ । तोकिएको समय पश्चात Online फारम स्वतः बन्द हुनेछ ।

**३. फाराम शुल्कः**

प्रवेश परीक्षा शुल्क वापतको **रकम रु.२०१०।- (दुई हजार दश मात्र)** नेपाल भित्रको ग्वोवल आई.एम.ई.बैंक लि.को कुनै पनि शाखाबाट विज्ञान तथा प्रविधि अध्ययन संस्थान प्रवेश परीक्षाको लागि सो बैंकबाट तयार गरिएको विशेष भौचर भरी यस कार्यालयको ग्लोवल आई.एम.ई. बैंक लिमिटेड कीर्तिपुर शाखामा रहेको खातामा जम्मा हुने गरी बुझाएको हुनुपर्नेछ । साथै भर्ना पोर्टलमा रहेको अनलाइन माध्यमबाट IoST को Website मा दिइएको app तथा Link प्रयोग गरेर पनि शुल्क जम्मा गर्न सकिनेछ । Online फारम भर्दा बैंकको भौचर नम्वर वा Transaction ID number अनिवार्य रुपमा भर्नुपर्नेछ । बैंक भौचर काटिसकेपछि परीक्षा शुल्क बापत बुझाएको रकम फिर्ता हुने छैन ।

४. **प्रवेश परीक्षा हुने मिति र समय : २०७९।१२।२५ दिनको १२:०० बजे**

विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर २०६५

**५. प्रवेश पत्र वितरण:** २०७९।१२।२२ गतेबाट वेबसाइटबाटै डाउनलोड गर्न सकिनेछ ।

**६. परीक्षा केन्द्र :**

क) **पाटन संयुक्त क्याम्पस, पाटनढोका, ललितपुर:** काठमाडौं उपत्यका केन्द्र तोकी अनलाइन फाराम भर्ने परीक्षार्थीहरू

ख) **केन्द्रीय प्रविधि क्याम्पस, हात्तीसार, धरान:** धरान केन्द्र तोकी अनलाइन फाराम भर्ने परीक्षार्थीहरू

ग) **रा.रा. बहुमुखी क्याम्पस, जनकपुर:** जनकपुर केन्द्र तोकी अनलाइन फाराम भर्ने परीक्षार्थीहरू

घ) **वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन:** चितवन केन्द्र तोकी अनलाइन फाराम भर्ने परीक्षार्थीहरू

ङ) **पृथ्वीनारायण क्याम्पस, पोखरा:** पोखरा केन्द्र तोकी अनलाइन फाराम भर्ने परीक्षार्थीहरू

च) **बुटवल बहुमुखी क्याम्पस, बुटवल:** बुटवल केन्द्र तोकी अनलाइन फाराम भर्ने परीक्षार्थीहरू

छ) **महेन्द्र बहुमुखी क्याम्पस, नेपालगञ्ज:** नेपालगञ्ज केन्द्र तोकी अनलाइन फाराम भर्ने परीक्षार्थीहरू

**७. प्रवेश परीक्षा सम्वन्धी अन्य जानकारी :**

- विद्यार्थीहरूले आवेदन फाराम भर्दा +2 वा सो सरह को परीक्षामा यस अध्ययन संस्थानबाट यस अघिको प्रवेश परीक्षामा तोकिएको सम्पूर्ण प्रक्रियाहरू पूरा गरेको हुनुपर्नेछ र सोको कागजातहरू अनिवार्य रुपले पेस गर्नुपर्नेछ ।
- आवेदकले फारम भर्दा Online मा उपलब्ध निर्देशनलाई अनिवार्य रुपले पालना गर्दै जानकारीहरू तथा Upload गर्नुपर्ने सामाग्रीहरू सहित Submit गर्नुपर्नेछ । आवेदकको न्यूनतम योग्यता प्रमाणित गर्न ट्रान्सक्रिप्ट, मार्कसिट, समकक्षता प्रमाणपत्र इत्यादि आवेदकको हस्ताक्षर तथा MRP Standard फोटो लगायतका सामग्रिहरू तयार गरेपछि मात्र फारम भर्न सूचित गरिन्छ ।
- Online बाट परीक्षा फारम भरी Submit गरिसकेपछि तत्कालै प्राप्त हुने Acknowledgement Page Print गर्नुपर्नेछ ।
- प्रवेश परीक्षाको प्रश्नपत्रको ढाँचा यस अगाडि (२०७९।९।१६) मा सम्पन्न भएको परीक्षा अनुसार नै हुनेछ र सोको ढाँचा (Model Question) डीन कार्यालयको वेबसाइटको डाउनलोड पेज (https://www.tuiost.edu.np/storage/notice/bscmodelquestion2022-1176.pdf) मा पाउन सकिन्छ ।
- यस प्रवेश परीक्षामा सामेल भई भर्ना हुने विद्यार्थीले त्रिवि परीक्षा नियन्त्रण कार्यालयबाट तोकिएको समयसम्ममा त्रि.वि. रजिस्ट्रेसन फाराम भरिसक्नुपर्नेछ ।

**मिति : २०७९।१२।०८**

विज्ञान तथा प्रविधि अध्ययन संस्थान डीनको कार्यालय कीर्तिपुर २०५५

**सहायक डीन**